अनुसूची-२

दफा ४ तथा अनूची-१ को भाग-२ संग सम्बन्धित

# बर्दिवास नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः १४ कार्यपालिका स्वीकृत मितिः२०८२/०७/२१

प्रमाणिकरण मिति :२०८२/०७/२७

## भाग-२

## बर्दिवास नगरपालिका

## बाखा श्रोत केन्द्र स्थापना तथा सञ्चालन कार्यविधि २०८२

<u>प्रस्तावनाः</u>परम्परागत बाखा पालन प्रणालीलाई व्यवसायिक बनाई विकास तथा विस्तारको लागि बाखा श्रोत केन्द्र स्थापना गर्न बान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(७) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

<u>१. संक्षिप्त नाम र प्रारम्भः</u>(१)यस कार्यविधिको नाम बाखा श्रोत केन्द्र स्थापना तथा सञ्चालन कार्यविधि, २०८२ रहेको छ।

(२)यो कार्यविधि कार्यापालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

**२. परिभाषा:** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) **“कार्यपालिका”** भन्नाले बर्दिवास नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ।

ख) **"समूह"** भन्नाले कृषक समूह वा पशुपन्छी समूह बुझ्नुपर्दछ।

ग) **"समिति"** भन्नाले दफा (५) बमोजिमको समिति सम्झनु पर्दछ।

घ) **"सहकारी"** भन्नाले कृषि कार्य गर्ने सहकारी संस्था सम्झनु पर्दछ।

ङ) **"शाखा"** भन्नाले नगरपालिकाको पशुपन्छी विषय हेर्ने शाखा सम्झनु पर्दछ।

च) **“कार्यक्रम”** भन्नाले बाख्रा श्रोत केन्द्र स्थापना तथा सञ्चालन कार्यविधि सम्झनु पर्दछ।

## परिच्छेद-२
## आधार तथा संरचना

**३. श्रोत केन्द्र पहिचान:**शाखाले बाख्राको श्रोत केन्द्र स्थापना तथा सञ्चालन गर्न उपयुक्त हुने वडा वा टोलको सूची तयार गरी सिफारिस गर्नुपर्दछ।

**४. आधारहरु:**बुँदा ३ बमोजिम सिफारिसको लागि सूची तयार गर्दा देहायका आधारहरु लिनु पर्दछः

क) बाख्रा पालनको अवस्था,

ख) बाख्रा पालनको सम्भावना,

ग) घाँस खेतीको उपलब्धता,

घ) कार्यक्रम प्रति कृषकहरुको रुची

ङ) अन्य प्राविधिक सम्भावना।

**५. समिति:** कार्यक्रम सञ्चालनका लागि विभिन्न विषयहरुमा निर्णय गर्न र कार्यान्वयनको लागि मार्गदर्शन गर्न देहायको एक समिति रहनेछः

| | |
|---|---|
| क) नगर प्रमुख- | संयोजक |
| ख) प्रमुख प्रशासकीय अधिकृत- | सदस्य |
| ग) आर्थिक विकास समिति प्रमुख- | सदस्य |
| घ) पशुपन्क्षी शाखा प्रमुख वा प्रतिनिधि- | सदस्य सचिव |

समितिले विषय विज्ञहरु आमन्त्रण गर्न सक्नेछ।

## परिच्छेद-३
## कार्यक्रम सञ्चालन विधि

**५. कार्यक्रम सञ्चालन स्थलको छनौट:** (१) समितिले कार्यक्रम सञ्चालनको लागि बुँदा ३ बमोजिमको सूचीबाट १ वटा वडा वा १ भन्दा बढी वडा छनौट गर्नुपर्नेछ।

**६. विधि:**बुँदा ५ बमोजिम छनौट भएको स्थानमा समितिको निर्णय अनुसार निम्न विधिमध्ये कुनै एक विधि बमोजिम कार्यक्रम सञ्चालन गर्न सकिनेछः

क) समूह वा सहकारी मार्फतः बुँदा ५ बमोजिम छनौट भएको स्थानमा उपयुक्त समूह वा सहकारी भएमा उक्त समूह वा सहकारी सँग सम्झौता गरेर,

ख) समूह गठन मार्फतः दलित गरिब परिवारलाई प्राथमिकता दिई नयाँ समूह गठन गरेर।

७. समूह गठन:बुँदा ६ को खण्ड (ख) बमोजिम समूह गठन गर्दा टोल/वस्ती भेला गरी अभिमूखीकरण गरी समूह निर्माण गर्नु पर्नेछ।

८. समूहदर्तागर्नुपर्ने:बुँदा ७ अनुसार गठन हुने समूह नगरपालिकामा दर्ता हुनु पर्नेछ।

९. सम्झौता:समितिले छनौट गरेको समूह वा सहकारीसँग कार्यालयले परिच्छेद-४ अनुसारको कार्य गर्न सम्झौता गर्न सक्नेछ।

## परिच्छेद-४

## क्रियाकलापहरु

१०.क्षमता अभिवृद्धि:क्षमता अभिवृद्धिका लागि तालिमका कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ।

११. वस्तु तथा सेवा सहयोग:समूहलाई बाख्रा पालन कार्यको लागि आवश्यक पर्ने वस्तु तथा सेवाहरु सहयोग गरिनेछ। जस्तैः,बाख्रा

१२. पूर्वाधार निर्माण:पूर्वाधार निर्माण कार्यमा सहयोग गर्न सकिनेछ।जस्तैः बाख्रा पालनको लागि गोठ निर्माण आदि।

१३. प्रविधि तथा मेशिनरी सामान हस्तान्तरण:आधुनिक ढंगबाट बाख्रा पालन गर्न आवश्यक प्रविधि तथा मेशिनरीसामान उपलब्ध गराउन सकिनेछ। जस्तैः साइलेज मेशिन, UMMB मेसिन आदि।

१४. अन्य सहयोग सामाग्री:बाख्रा पालन कार्यको लागि आवश्यक पर्ने अन्य सामग्रीहरु उपलब्ध गराउन सकिनेछ। जस्तैः गोट म्याट आदि।

## परिच्छेद-५

## विविध

१५. भुक्तानी:शाखाले अनुगमन गरी भुक्तानीक लागि सिफारिस गर्नुपर्नेछ र काम अनुसार भुक्तानी गर्नु पर्नेछ।

१६. अनुगमन समिति:नगर उपप्रमुखले शाखाको कर्मचारी सहित नियमित रुपमा कार्यक्रमको अनुगमन गर्नुपर्नेछ।

१७. प्रगति प्रतिवेदन तयार गर्नु पर्ने:(१)शाखाले मासिक रुपमा प्रगति प्रतिवेदन तयार गरी पेश गर्नुपर्नेछ।
(२) कार्यक्रमको प्रभावकारिताको आधारमा कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१८. सजाय:नगरपालिकाबाट उपलब्ध गराएको सहयोग, मेसिन र प्रविधिहरुको दुरुपयोग गरेमा नगरपालिकाबाट दिने सुविधा बञ्चित गरिनेछ र उपलब्ध गराएको सामाग्री फिर्ता लिई थप क्षतिपूर्ति भराईनेछ।

१९. बाधा अड्काउ फुकाउने: यस कार्यविधिमा कुनै द्विविधा भएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ।

आज्ञाले,
राममणि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत